## अनुसूची-१

## नेपाल राजपत्रमा प्रकाशित भानुभक्त प्राणी उद्यानको चारकिल्ला

खण्ड ६७) संख्या ३ नेपाल राजपत्र भाग ५ मिति २०७४/१/१८

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको सुचना

नेपाल सरकारले तनहुँ जिल्लास्थित देहायको चारकिल्ला भित्रको ४२५ हेक्टर वन लगायतको क्षेत्रमा प्राणी उद्यान स्थापना गर्ने निर्णय गरेकोले सर्वसाधरणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ :-

प्राणी उद्यान क्षेत्रको चारकिल्ला

पूर्व : छिर्कने भञ्ज्याङ जौवारी गाउँ जाने बाटोको केही भाग हुँदै पोखरी भञ्ज्याङ हुँदै ठाडाबाटो हुँदै वन तर्फको बाटो भएर राई खोल्सी भएर जौवारी जाने मुख भएर गखर्क डाँडा हुँदै चालिसे खोला, शिसा खोला भएर गरम भञ्ज्याङ ।

पश्चिम : मोती चौतारा हुँदै कटहरे फाँट हुँदै तिन पातेडाँडा हुँदै ढकाल नदी हुँदै भूमिटार गाउँ हुँदै साठी मुरे खोला हुँदै भञ्ज्याङ चौतारा ।

उत्तर : गरम भञ्ज्याङ देखि नावरुङ जाने कच्चीबाटो भन्दा दक्षिण हुँदै नावरुङको आवादी भएर खोल्सी हुँदै बगुवा गाउँ हुँदै नेपाल डाँडाको आवादी हुँदै सिम्ने खोला हुँदै ठाडो बाटो भएर भालुखोला हुँदै भञ्ज्याङ चौतारा ।

दक्षिण : छिर्कन भञ्ज्याङ देखि पृथ्वी राजमार्ग हुँदै देउरालीको आवादी छेउ हुँदै मौती चौतारा देखि कटहरे फाँटसम्म ।

आज्ञाले,
प्रकाश माथेमा
नेपाल सरकारको
सचिव